**नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड ५, संख्याः ४, बैशाख ७ गते, २०७८ साल**

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि (प्रथम संशोधन), २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।१।७

व्यास नगरपालिकाको निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधिलाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. कार्यविधिको अनुसूची २ (१) आर्थिक क्षमताः प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा दश लाख रुपैयाँको चालु पूँजी देखाई कम्पनी रजिष्टरको कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको प्रबन्ध पत्र हुनु पर्नेछ **को सट्टा** आर्थिक क्षमताः प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा कम्पनी रजिष्टरको कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय मध्ये कम्तीमा कुनै एक कार्यालयमा दर्ता भएको प्रमाणपत्र हुनु पर्नेछ भन्ने राखिएको छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत